# एकीकृत स्वास्थ्य संस्था अनुगमन तथा स्थलगत अनुशिक्षण प्रतिवेदन

## (पंचमुल आधारभूत स्वास्थ्य केन्द्र, फापरथुम स्वास्थ्य चौकी, आधिखोला आधारभूत अस्पताल, सेतीदोभान स्वास्थ्य चौकी)

---

आँधीखोला गाउँपालिका

आर्थिक वर्ष: 2082/83

अनुगमन मिति: २०८२/०५/११-२०८२/०५/१४


अनुगमन तथा रिपोर्ट तयार गर्ने:-

१. मित्र प्रस्साद अर्याल (परिवार नियोजन अधिकृत)

२. तोया नारायण ढकाल (प्रसाशन अधिकृत)

३. सुष्मा आचार्य (प.हे.न)

४. अस्मिता भण्डारी (ज.स्वा.अ)

प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जा

## परिचय

यस प्रतिवेदनमा आँधिखोला गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरु (पंचमुल आधारभूत स्वास्थ्य केन्द्र, फापरथुम स्वास्थ्य चौकी, आधिखोला आधारभूत अस्पताल, सेतीदोभान स्वास्थ्य चौकी) मा गरिएको अनुगमन तथा स्थलगत अनुशिक्षणका परिणाम प्रस्तुत गरिएको छ। प्रतिवेदनमा प्रत्येक स्वास्थ्य संस्थाको सबल पक्ष, समस्या/चुनौती र सुधार गर्नुपर्ने पक्षहरु विश्लेषण गरी आगामी दिनमा गर्न सकिने सुझाव तथा भूमिकाको समेत उल्लेख गरिएको छ।

## पंचमुल आधारभूत स्वास्थ्य केन्द्र (वडा नं. १, आँधिखोला गाउँपालिका)

### सबल पक्षहरु

• दैनिक २०-२५ विरामी सेवा लिने, संस्था नियमित संचालनमा रहेको।

• स्वास्थ्य सेवा निरन्तर, पूर्वाधार व्यवस्थित, सरसफाई राम्रो।

• व्यवस्थापन समिति सक्रिय, कार्ययोजना अनुसार निर्णय हुने।

• खोप कार्यक्रम सफल, DHIS-2/eHMIS अभिलेख मिलेको।

• सुरक्षित मातृत्व सेवामा ANC/PNC प्रोटोकल अनुसार पालना।

### सुधार गर्नुपर्ने पक्षहरु

• एम्बुलेन्स भए पनि सञ्चालन नभएको।

• स्वास्थ्य संस्था भवन सम्रक्षणको लागि ट्रस्ट राख्नुपर्ने ।

• केहि औषधि (MgSO4, Nifedipine) म्याद गुज्रेको।

• **Baby warmer, ECG, एक्सरे, ILR जस्ता उपकरण मर्मत आवश्यक।**

• Birthing room मा heater तथा फर्निचर मर्मत आवश्यक।

• जनशक्ति कमी (Medical Officer, HA, AHW, ANM, Staff Nurse) तथा IUCD सेवा अभाव।

## फापरथुम स्वास्थ्य चौकी (वडा नं. ६, आँधिखोला गाउँपालिका)

### सबल पक्षहरु

• दैनिक १०-१२ विरामी सेवा, संस्था नियमित संचालन।

- MSS ८७%, स्वास्थ्य जनशक्ति पर्याप्त।
- खोप र सुरक्षित मातृत्व सेवामा राम्रो प्रगति।

### सुधार गर्नुपर्ने पक्षहरु

- कुपोषण समस्या (१ वर्षदेखि ३ बालबालिका लगातार कुपोषित)।
- LARC परिवार नियोजन प्रवर्धन आवश्यक।
- क्षयरोग निदान दर बढाउन OPD screening र सम्पर्क परीक्षण आवश्यक।
- भौतिक आवश्यकता: खोप भवन, २०-३० वटा कुर्सी, खानेपानी सुविधा।
- तालिम आवश्यकता: खोप तालिम, Infection prevention तालिम।
- वित्तीय सहयोग पालिकाबाट छुट्याउन आवश्यक।

## आधिखोला आधारभूत अस्पताल (वडा नं. ५, आँधिखोला गाउँपालिका)

### सबल पक्षहरु

- दैनिक २५-३० बिरामी सेवा, OPD नियमित संचालन।
- नागरिक वडापत्र, स्वास्थ्य सूचना टास गरिएको।
- सुरक्षित मातृत्व सेवामा ४ ANC, Iron चक्की वितरण।
- RDT मार्फत मलेरिया परीक्षण भएको।

### सुधार गर्नुपर्ने पक्षहरु

- खोप सेवा सञ्चालन नभएको।
- ANC/PNC follow up कमजोर।
- परिवार नियोजन साधन प्रयोग दर न्यून।
- व्यवस्थापन समिति बैठक अभाव।
- समुदायस्तरका कार्यक्रम नभएको, abortion सेवा अभाव।

## सेतीदोभान स्वास्थ्य चौकी (वडा नं. ५, आँधिखोला गाउँपालिका)

### सबल पक्षहरु

- दैनिक १५-२० विरामी सेवा, प्रायः आवश्यक जनशक्ति पूर्ण।
- व्यवस्थापन समिति सक्रिय।
- खोप कार्यक्रम Cat-1 (High coverage, Low dropout)।
- ANC/PNC प्रोटोकल अनुसार पालना।
- FCHV सक्रियतापूर्वक गर्भनिरोधक वितरण र पोषण अभिलेख राख्ने।

### सुधार गर्नुपर्ने पक्षहरु

- MSS Score ५७% मात्र, सुधार आवश्यक।
- स्वास्थ्य संस्था भवन मर्मत आवश्यक, कोठा अपर्याप्त।
- Malaria परीक्षण न्यून।
- IUCD तथा e-HMIS तालिम आवश्यक।
- नागरिक वडापत्र र कर्मचारी विवरण प्रष्ट टास गर्नुपर्ने।

## .पालिका र स्वास्थ्य कार्यालयको भूमिका

### पालिका स्तरको भूमिका

- स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति पूर्ति गर्न सहयोग गर्ने।
- औषधि, उपकरण, फर्निचर तथा पूर्वाधार मर्मत र व्यवस्थापनमा बजेट छुट्याउने।
- सामुदायिक तथा विद्यालयस्तरीय कार्यक्रम संचालनमा सहयोग गर्ने।


### स्वास्थ्य कार्यालयको भूमिका


- नियमित अनुगमन र सुपरिवेक्षण गर्ने।
- स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि तालिम तथा अनुशिक्षण संचालन गर्ने।
- तथ्याङ्क व्यवस्थापनमा एकरुपता ल्याई गुणस्तरीय सेवा सुनिश्चित गर्ने।


- प्रदेश तथा संघीय स्तरमा समन्वय गरी आवश्यक स्रोत/साधन उपलब्ध गराउने।


मिति २०८२/०५/१३ गतेका दिन गाउँपालिकाको अध्यक्ष विश्वनाथ पौडेल, प्रमुख प्रसाशाकिय अधिकृत नारायण प्रसाद सापकोटा र स्वास्थ्य शाखा प्रमुख निराजन लामिछानेको उपस्थितिमा अनुगमन गरिएका स्वास्थ्य संस्थाको छलफल गरिएको थियो । उक्त छलफलमा संस्थामा देखिएका समस्याको समाधान स्वास्थ्य संस्था प्रमुखको उपस्थितिमा छलफल गरि समधान गर्ने बताउनु भएको थियो । अन्त्यमा सबै स्वास्थ्य संस्थाको प्रमुख, स्वास्थ्यकर्मी लगायत गाउँपालिकालाइ आभार ब्यक्त गर्दछौ ।






आँधीखोला गाउँपालिका





वार्षिक कार्ययोजना
पवनकाजी अधिकारी
अध्यक्ष
निरजन नामिडाँन





आमा सुरक्षा कार्यक्रम
गर्भपतन सेवा










आँधीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
सैतिदोभान स्वास्थ्य चौकी
वडा नं. ५, सैतिदोभान, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

